
# लेखापरीक्षण प्रतिवेदन

## गेरुवा गाउँपालिका, बर्दिया

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## गेरुवा गाउँपालिका, बर्दिया

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/589

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,

गेरुवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
गेरुवा, बर्दिया।

## कैफियत सहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२ करोड ८८ लाख ५४ हजार, एकीकृत स्वास्थ्य तथा पूर्वाधार कार्यक्रमको रु. ८ लाख ६५ हजार, गरिवसंग विश्वेश्वर कार्यक्रमकको ४ लाख ३ हजार समेत गरी रु. १३ करोड १ लाख २२ हजार समावेश गरेको छैन ।

२. गाउँपालिकाको रु १ अर्व २० करोड ७६ लाख ७४ हजार लेखापरीक्षण गरिएकोमा रू २ करोड २६ लाख ९१ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु ६० हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु रू २ करोड २६ लाख ३१ हजारमध्ये असुल गर्नुपर्ने रू १ करोड १ लाख ४१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड २१ लाख ८९ हजार र नियमित गर्नुपर्ने रु. ३ लाख १ हजार रहेको छ । गत वर्षसम्म रू १८ करोड ९३ लाख ९५ हजार बेरुजू बाँकी रहेकोमा यस बर्ष सम्परीक्षणबाट लगत कट्टा भएको रू ९१ हजार तथा सम्परीक्षणबाट थप कायम भएको बेरुजु रू ८ हजार समेत हालसम्मको अद्यावधिक बेरुजू रु. २१ करोड १९ लाख ४३ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।

३. लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गेरुवा गाउँपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं ।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका

जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७० | २० | २,२६,९०,९२८ | ० | ५ | ६०,२२५ | ० | ७० | १५ | २,२६,३०,७०४ | १,०१,४१,३८७ | ३,००,०५६ | १,२१,८९,२६० | ० | ० | १,२४,८९,३१६ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बर्दिया | १८,९३,९५,००० | ० | ९१,७०६ | १८,९३,०३,२९४ | ८,८२१ | २,२६,३०,७०४ | २१,१९,४२,८१९ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | २५ | पाठ्यपुस्तक अनुदान | ६०,२२५ |
| २ | २०७९/८० | ४६.१ | नर्म्स भन्दा बढी भुक्तानी | ७१,४६५ |
| ३ | २०७९/८० | ४० | आलेप बेरूजू | २०,२४१ |
| जम्मा | | | | १,५१,९३१ |

### लेखापरीक्षण बक्यौताको विवरण

| कार्यालय कोड | कार्यालयको नाम |
|---|---|
| | |

| | |
|---|---|
| विगतको लेखापरीक्षण बक्यौता नरहेको | |

# (८०५५८५०१३०० - गेरुवा गाउँपालिका, बर्दिया )

# परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा.वि.धायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गेरुवा गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गेरुवा गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ वडा, ३२ सभा सदस्य, ७८.४१ वर्ग किलोमिटर क्षेत्रफल तथा ३३५१४ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।७ देखि २०८०।५।९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. १,२०,७६,७४,०००.०० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय विवरण**

२.१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । कार्यालयले आफ्ना सबै कारोबारलाई सुत्र प्रणाली मार्फत गरेर सो को NPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्नेमा पालिकाले उपलव्ध गराएको सुत्र प्रणाली अनुसारको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः

२.२ सुत्र प्रणाली प्राप्ति भुक्तानी हिसाब अनुसार पालिकाको यस वर्षको कूल प्राप्ति रु.४५२२६९४२०।५१ मा कूल भुक्तानी रु.४७७६०८७११।४० घटाएर बाँकी रहेको रकममा गत वर्षको जिम्मेवारी (धरौटी र संचित कोष ) रु.१०५६४९७९५।१५ जोड्दा वर्षान्तको बाँकी प्राप्ति भुक्तानी हिसाब अनुसार रु.९८९९४३६८।९९ देखिन्छ । बैंक नगदी किताब अनुसार वर्षान्तको बाँकी रकम रु.९८९९४३६८।९९ रहेको देखिन्छ ।

२.३ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) मा सामाजिक सुरक्षा तथा संरक्षणको रु. १२८८५४१३४। एकिकृत स्वास्थ्य तथा पूर्वाधार विकासतर्फ रु.८६५०००। र गरिबसंग विश्वेश्वर कार्यक्रमतर्फ रु.४०३६४९। गरी कूल रु.१३०१२२७८३। सुत्रमा लेखाङ्कन गरेको छैन ।

## ३ आन्तरिक नियन्त्रण प्रणाली

३.१ **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन,

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखी रहेको पाइयो,

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो,

• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन,

• साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजसिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ,

• कतिपय सडक तथा कुलो÷नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं. उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुनसक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ,

• जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय

सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ,

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन,

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार गरेको पाईएन ।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन,

• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन,

• निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले कर्मचारीहरूको तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाइयो । नियमानुसार तलबी प्रतिवेदन पारित भएको छैन,

• पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक गरेको छैन,

• पालिकाले चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था अनुसार पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गर्नुपर्ने भनी गत विगतको प्रतिवेदनमा उल्लेख भए पनि सो व्यवस्थाको कार्यान्वयन भएको पाइएन,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३.२ **बेरुजु लगतः** बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये कार्यालयसँग सम्बन्धित म. ले. प. फाराम ८०१ बेरुजु लगत, म. ले. प. फाराम ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन, म. ले. प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेको पाइएन । यसमा सुधार हुनु पर्दछ ।

३.३ **भ्रमण खर्चः** लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन २०७५ तथा भ्रमण खर्च नियमावली २०६४ बमोजिम पालिकाले कर्मचारी तथा पदाधिकारीहरुको भ्रमण खर्चबापत यस वर्ष रु.२०७२८५१। खर्च गरेको देखिन्छ । भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको,

• नियमानुसार भ्रमण अभिलेख खाता आंशिकमात्र राख्ने गरेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको,

• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश गरे पनि कार्यालय काममा गएको भनि अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको,

• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिन सम्मको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको,

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोग हुने सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

## ४ बजेट तथा कार्यक्रम

४.१ योजना तथा वजेट कार्यान्वियन - यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १६२४२७ | ६९६० | ८२६४ | ४५३२४ | १०१८७८ | ७६२४२ |
| प्रतिशत | १०० | ४.२९ | ५.०९ | २७.९० | ६२.७२ | ४६.९३ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पूँजिगत तर्फ वार्षिक रु.१६ करोड २४ लाख २७ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.६९ लाख ६० हजार (४.२९ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.८२ लाख ६४ हजार । (५.०९ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.४ करोड ५३ लाख २४ हजार (२७.९० प्रतिशत) र चौथो त्रैमासिकमा रु.१० करोड १८ लाख ७८ हजार । (६२.७२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.७ करोड ६२ लाख ४२ हजार (४६.९३ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

४.२ योजना प्राथमिकरणः स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता

आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नाअनुसार ६ वटा वडाको लागि वडागत र पालिकास्तरका कुल ८७ योजनामा वजेट विनियोजन गरेको छ।

| रु. १ लाख सम्म | | रु. १ लाख देखि २ लाखसम्म | | रु. २ लाखदेखि ५ लाखसम्मका | | रु. ५ लाख देखि १० लाखसम्मका | | रु. १० लाखभन्दा बढीको | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | |
| 9 | 663 | 19 | 2449 | 15 | 4569 | 23 | 12903 | 21 | 178377 | 87 |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १७ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

४.३ गत विगतको भुक्तानी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. ९,३२३,२७४। भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| क्र.सं. | भुक्तानी दिन बाँकीको विवरण | रकम |
|---|---|---|
| १ | एक प्रिय मा.वि.मा 2 कोठे भवन निर्माण | ९५,७००.०० |
| २ | सरस्वति आधारभुत विद्यालय भवन निर्माण कार्य गेरुवा गाउँपालिका वडा नं. ५ म्याचिङ | ९, १९ , २००.०० |
| ३ | बाढी पूर्व तयारी तथा प्रतिकार्य कार्यक्रम र खानेपानी तथा सरसफाइ कार्यक्रम UNICEF | ८७,०००.०० |
| ४ | मेशिनरी तथा औजार | ३, ०५ , ३००.०० |
| ५ | कृषक यान्त्रीकरण कार्यक्रम | ५, ७७ , ५००.०० |
| ६ | एल इ डि बोर्ड खरिद ( UNICEF सँग म्याचिङ) सहित | १, ४१ , १००.०० |
| ७ | मेशिनरी तथा औजार | ३४, २९ , ५५०.०० |
| ८ | कुलर खरिद | ६४,३२५.०० |
| ९ | मेशिनरी तथा औजार (स्वास्थ्य सेवा अन्तरगत ल्यापटप खरिद) | ७३,०००.०० |
| १० | सुरक्षा संवेदनशिलतालाइ मध्यनजर गरी वडा तथा पालिकामा cc camera जडान | ९, ९० , २००.०० |
| ११ | जनकनगर-कानपुर सडक कालोपत्रे | १, २३ , २६०.०० |
| १२ | दक्षिण पथरैया किरवानाला टोल देखि विन्द्रा हुँदै वडा नं. ४ को सडक कालोपत्रे | ५, ७५ , ०६३.०० |
| १३ | बनकट्टी स्कुल देखि सनकट्टी घाट जाने बाटो मर्मत योजना (सडक बोर्ड नेपालको साझेदारीमा संचालन हुने योजना ( 80558501101) तथा आ.व. 2078/079 मा प्राप्त मध्येको बचत रकम 154272 | १०, ६८ , ०००.०० |
| १४ | शान्तिबजार खुटेहना सडक कालोपत्रे | १८,३७६.०० |
| १५ | विद्युतपोल स्थानान्तरण | ६, २३ , ०००.०० |
| 16 | हेभि इक्युपमेन्ट संचालन तथा मर्मत खर्च | २, ३२ , ७००.०० |
| | जम्मा | ९३२३२७४ |

४.४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका

विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको भए पनि ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

४.५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

४.६ **रकमान्तर-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहको कार्यपालिकाले स्वीकृत वार्षिक स्वीकृत बजेटको आधारमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने उल्लेख छ । यो वर्ष पटके निर्णयबाट २२ वटा बजेट तथा कार्यक्रमबाट रु.१ करोड ८१ लाख ७० हजार घटाई विभिन्न १०७ योजना तथा कार्यक्रममा रु. ५ करोड ६४ लाख ३७ हजार बढाई अर्थात बजेटको ११.९४ प्रतिशत रकमान्तर भएको छ । कुनै शीर्षकलाई शुन्य पारेर त कुनै शीर्षकमा २५ प्रतिशत भन्दा माथि रकमान्तर गरेको देखिन्छ । यसले गर्दा कानुनको पालना भएको देखिएन । अतः योजनाको विस्तृत सर्भेक्षण तथा प्राथमिकता निर्धारण गरी बजेट तर्जुमा गरेर कार्यक्रम कार्यान्वयनमा कार्यालयले बिशेष ध्यान दिनुपर्दछ ।

## ५ संगठन तथा कर्मचारी व्यवस्थापन

५.१ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत छैठौ सहित ६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ

५.२ कर्मचारी व्यवस्था - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने गरेको देखियो । यस सम्बन्धमा कार्यालयले रिक्त दरबन्दीको लागि लोकसेवा आयोगमा माग आकृति भरि माग गरेकोमा हालसम्म पदपूर्ति नभएको र पालिकाले आफ्नो कार्यालयको कार्यवोझको आधारमा O&M गरी सभाबाट पारित भई अर्थमन्त्रालय समेत पठाएकोमा स्वीकृति नभएकोले हाल कार्य सञ्चालनको लागि नभई नहुने अवस्था भएर करारमा पदपूर्ति गरेको जवाफ दिएको छ ।

| पद | कर्मचारी संख्या | समय अवधि | बार्षिक खर्च |
|---|---|---|---|
| **ईन्जिनियर** | 1 | आ.व. 2080/081 | 5,77,957 |
| **सव-इन्जिनियर** | 2 | आ.व. 2080/081, फागुनमा १ जनाको राजिनामा भएको र हाल 1 जना मात्रै कार्यरत रहेको | 7,04,600 |
| **अमिन** | 2 | आ.व. 2080/081 | 7,63,860 |
| **जम्मा2** | | | 2046417 |

५.३ अवकास कोष – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्षसम्म कर्मचारी अवकास कोष व्यवस्था गरेको देखिएन । कोषको सञ्चालन सम्बन्धी कानूनको व्यवस्था गरी नियमअनुसार कर्मचारी अवकास कोषको व्यवस्था गर्नुपर्दछ ।

## ६ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था अनुसार यस वर्ष १५ वटा कानून तथा कार्यबिधि स्वीकृत गरी कार्यान्वियनमा ल्याएको छ । यस वर्ष पालिकाबाट जन्म दर्ता ८४९ वटा, मृत्यु दर्ता २३५ वटा, बसाइँसराइ १२३ वटा, विवाह दर्ता ३८७ वटा, सम्बन्ध विच्छेद दर्ता १९ वटा गरेको विवरण प्राप्त भएको छ । कालोपत्रे सडक ८.७५ कि.मि. ग्रभेल सडक निर्माण ३.५ कि.मि. निर्माण गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा समेत सुधार गर्नु पर्ने देखिन्छ ।

## ७ सामानिकरण अनुदान

नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७८।३।२७ च.नं. १२१ को परिपत्र तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७८।३।३० च.नं. ५६३ को वित्तीय समानीकरण अनुदानको प्रयोग सम्बन्धमा उल्लेख गरिएको परिपत्रअनुसार नेपाल सरकारलाई स्थानीय तहबाट उपलब्ध हुने वित्तीय समानीकरण अनुदानको रकम प्रशासनिक खर्चको प्रयोजनमा प्रयोग गर्न नमिल्ने र स्थानीय तहले आफ्नो आन्तरिक श्रोत र राजस्व बाँडफाँडको रकमबाट मात्र आफ्नो प्रशासनिक खर्च गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ । पालिकाले आ.व. ०७९।८० मा प्राप्त संघीय वित्तीय समानीकरण अनुदान खर्च गरी बचत चालु आ.व. ०८०।८१ मा आन्तरिक श्रोततर्फ आम्दानी बाँधेर प्रशासनिक खर्च लागायतमा खर्च गरेको नियमसम्मत देखिएन। समानीकरण अनुदानको बचत रकम आन्तरिक श्रोततर्फ आम्दानी जनाएर तलबभत्ता लगायतका प्रशासनिक खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

## ८ कानून निर्माण एवं कार्यान्वयन

८.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १९ वटा ऐन, ३ वटा नियमावली, ५५ कार्यविधि लगायत ९० वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

८.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५ र यो वर्ष थप भएको २० गरी कुल २५ विवाद दर्ता भएकोमा २० वटा मात्र फर्स्यौट भई ५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## ९ अनुदानको अनुगमन

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई अनुदानमा खर्च लेखेकोमा अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण

हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

१० **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४३ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

११ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले आर्थिक ऐन मार्फत विभिन्न व्यवसायीहरुबाट व्यवसाय दर्ता तथा नवीकरण शुल्क उठाउने भनेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख स्थानीय तह ERP प्रणालीमा अध्यावधिक गरी त्यसको दर्ता देखि नविकरणसम्मको रकम असुल कार्यमा बृद्धि गरी राजस्वको दायरा फराकिलो बनाउनुपर्नेमा सो कार्य गरेको देखिएन । तसर्थ पालिकाको क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । पालिकाले यो बर्ष व्यवसाय कर बापत रु९११२००। असुल गरेको विवरण पेश गरेको छ ।

१२ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार गरे पनि केहिलाई सो मापदण्ड विपरित पनि वितरण गरेको देखियो । यस बर्ष विभिन्न १७१ संघसंस्था र व्यक्तिहरुलाई आर्थिक सहायता र सहयोगको लागि रु.9,18000। आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

१३ **खरिद व्यवस्थापन**

१३.१ **वार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१६२४२७७८७। पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१३.२ सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

## १४ सम्पत्ति उपयोग र संरक्षण

१४.१ सार्वजनिक सम्पत्तिको रेखदेखः सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण -स्थानीय सरकार सञ्चाल ऐन २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन ।पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु र अभिलेख राख्नु पर्दछ ।

१४.२ सम्पत्ति हस्तान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नु पर्ने व्यहोरा गतविगतको प्रतिवेदनमा उल्लेख भए पनि कार्यान्वियनको अवस्था खुलाएको छैन । यसमा सुधार हुनु पर्दछ ।

१४.३ सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोगः पालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको प्रभावकारी र औचित्यपूर्ण प्रयोग गर्नु पर्दछ। पालिकाले सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड नबनाएको र सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन नगरेको पाईयो। गाउँपालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको व्यवस्थापन गर्नुपर्दछ ।

१४.४ सम्पत्ति व्यवस्थापन र सुरक्षाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पति तथा जिन्सी मालसामानको अवस्थाको बारेमा वर्षमा एक पटक आफै वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी महालेखा परिष्कृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ। यस्तो प्रतिवेदनमा मर्मत सम्भार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण तयार परी प्रतिवेदन गर्नुपर्दछ । कार्यालयले नियमावली अनुसार जिन्सी निरीक्षण समिति गठन गरी जिन्सी निरीक्षण गरेको देखिएन । यसले गर्दा जिन्सी सामानको अवस्था बारेमा यकिन नहुने भएकाले जिन्सी निरीक्षण गराई जिन्सी मालसामान चुस्त दुरुस्त राख्नु पर्दछ । यसै गरी कार्यालयबाट खरिद भएका मालसामानहरु वडाको बजेट भए वडामानै दाखिला गर्ने गरेको र पालिकाबाट खरिद गरी दिनुपरेमा दाखिला गरी आफु अन्तरगतको निकायलाई पनि हस्तान्तरण गर्ने गरेकोले हस्तान्तरण भएका सामानहरु यकिन गरी मुल जिन्सी खाता आम्दानी जनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## १५ धरौटीको अभिलेख

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६४ बमोजिम प्राप्त गरेको धरौटी रकमकोव्यक्तिगत धरौटी खाता अद्यावधिक गरी कुन कामको लागि आम्दानी भएको हो सो समेत खुलाई राख्नु पर्ने उल्लेख छ । कार्यालयको विभिन्न योजनाको रकम धरौटी कट्टा गरेकोमा कुन मितिमा कति रकम जम्मा गरेको हो सो को विस्तृत विवरण सहितको धरौटी खाता हुनुपर्नेमा सो नभई गत बर्षको अल्या गर्दाको मितिमात्र देखिने हुनाले कुन निर्माण व्यवसायी तथा व्यक्ति/संस्थाको कुन मितिमा रकम कट्टा गरेको सो मिति नखुल्ने र धरौटी अल्या गरेको मिति मात्र देखिने भएकाले कहिलेसम्म म्याद छ सो बारेमा यकिन नहुने भएकाले धरौटी रकम फिर्ता लिन पाउने म्याद समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम फिर्ता दिनु पर्ने व्यवस्था अनुरुप फिर्ता गर्नुपर्ने अन्यथा राजस्व आम्दानी बाँधि सदरस्याहा गर्नुपर्ने यकिन गर्न सकिएन यसको लागि कार्यालयले धरौटीको व्यक्तिगत खाता अद्यावधिक गरी राख्नु पर्दछ ।

१६ **पदाधिकारी ईन्धन**

स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संसोधन र एकिकरण गर्न बनेको विधेयक,२०७६ को दफा ४ अनुसार पदाधिकारीलाई सवारी साधन उपलव्ध नभएको अवस्थामा अनुसूचिमा तोके अनुसार यातायात खर्च पाउने तथा सावारी साधन उपलव्ध भएको अवस्थामा ईन्धन र मोविल उपलव्ध गराउने व्यवस्था रहेकोमा यस पालिकाका पदाधिकारीहरुलाई मासिक सुविधामा समावेश गरी यातायात खर्च भुक्तानी गरेतापनि पदाधिकारी ईन्धन शीर्षकबाट यस बर्ष रु.२४८०००। रकम खर्च लेखेको देखिएकोले ऐन विपरित भएको खर्च नियम सम्मत नदेखिएको रु.

| अनियमित भएको | २,४८,००० |
|---|---|

१७ **विज्ञापन सेवा शुल्क**

विज्ञापन (नियमन गर्ने) नियमावली (संशोधन सहितको), २०७७ को नियम ६ को उपनियम (२) मा “सरकारी निकायले भुक्तानी गर्दा सञ्चार माध्यमबाट सोझै प्रकाशन वा प्रसारण भएको भए त्यस्तो सञ्चर माध्यमले जारी गरेको बिल बमोजिम तथा नियम ५ग. को उपनियम (३) बमोजिम विज्ञापन एजेन्सीमार्फत प्रकाशन तथा प्रसारण गरिएको भए सञ्चारमाध्यमले जारी गरेको बिलको प्रतिलिपिसहित त्यस्तो एजेन्सीको सेवा शुल्क खुल्ने गरी सो एजेन्सीले जारी गरेको बिल बमोजिम सञ्चारमाध्यम वा विज्ञापन एजेन्सीलाई रकम भुक्तानी गर्नुअघि तीन प्रतिशत रकम कट्टा गर्नु पर्ने र कट्टा गरिएको रकम बोर्डको कोषमा जम्मा गरी सोको जानकारी बोर्डलाई दिनु पर्ने व्यवस्था गरेकोमा यस गाँउपालिकाले यो बर्ष देहायअनुसार सुचना प्रकाशनमा विज्ञापन एजेन्सीलाई नियमावली अनुसार सेवा शुल्क खुल्ने विल पेश नगरी तथा तीन प्रतिशत रकम कट्टा नगरी भुक्तानी गरेकोले रकम कट्टा गरी बोर्डको खातामा जम्मा गर्नुपर्ने ।

| गो.भौ.नं./मिति | विज्ञापन एजेन्सी | विल रकम (छुट पछी भ्याट बाहेक) | ३ प्रतिशत रकम |
|---|---|---|---|
| ८/०८०।५।२७ | नमस्ते क्रियसन एण्ड एडभटाईजिङ प्रा.लि. | ७८७५० | २३६३ |
| ७४।०८०।७।१ | नमस्ते क्रियसन एण्ड एडभटाईजिङ प्रा.लि. | ६८२५० | २०४८ |
| ४४।०८०।६।१८ | क्रियटिभ मिडिया प्रिन्ट प्रालि | ८९२५० | २६७८ |
| | होप मिडिया सोलुसन | १०१२५० | ३०३८ |
| १२३।०८०।८।७ | क्रियटिभ मिडिया प्रिन्ट प्रालि | ६३००० | १८९० |
| | एड फोकस मल्टिमिडिया विजनेस प्रालि | ५२५०० | १५७५ |
| १९७।०८०।९।२५ | विहानी मिडिया | १०५००० | ३१५० |
| २०७।०८०।१०।८ | विहानी मिडिया | ५०४०० | १५१२ |
| १९८।०८०।९।२५ | जोईन मल्टिपल सर्भिस प्रालि | ८४००० | २५२० |
| जम्मा | | | २०७७४ |

| प्रमाण पेश नगरेको | २०,७७४ |
|---|---|

१८ **मृगौला पिडितलाई राहत**

पालिकाबाट यस आवमा ४७ जनालाई बर्षको रु.६००००।का दरले रु.२३१००००। वितरण गरी गरेकोमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यस बर्ष रु.८६५०००। सोधभर्ना गरेको र बाँकी रु.१४४५०००। पालिकाले भुक्तानी गरेको देखियो । यसले गर्दा पालिकाले विनियोजन नगरेको रकम अन्य शीर्षकबाट रकमान्तर गर्नुपर्ने अवस्थाले गर्दा समयमै मन्त्रालयले सो रकम निकास गर्नुपर्ने र पालिकाले सोको लागि पहल गर्नुपर्ने देखिन्छ ।

१९ **परामर्श सेवाः**

कार्यालयले आ.व. २०८०/८१ मा परामर्श सेवा खरिदमा कुल रु.२६५४०००.० भुक्तानी दिएको सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन ।

१९.१ **लागत अनुमानः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२(क),(ख),(ग) मा परमामर्श सेवाको लागत अनुमान सम्बन्धित मन्त्रालयले परामर्श सेवाको लागत अनुमान नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स,सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त,सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालू वा अधिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतलाई आधार लिनुपर्ने व्यवस्था छ ।कार्यालयले देहाय बमोजिमका परामर्श सेवा खरिदमा Team Leader,GIS Expert,Environmentalist/Agriculturalist,Remote Sensing Expert,Geologist,Civil Engineer,Sociologist,Sub-Engineer,Surveyor जस्ता विज्ञहरुको आवश्यकता कस्ता कार्यको लागि सम्बन्धित विज्ञताको आवश्यक हुने हो सो सम्बन्धमा नियमावलीले तोकेका आधारहरुलाई पालना नगरी तथा स्पष्ट आधार बेगर लागत अनुमान तयार गरेको पाईयो ।कार्यालयले नियमावली बमोजिम काम कारवाही गर्नुपर्दछ ।

| सि.नं | गो.भौ/मिति | परामर्श सेवाको विवरण | परामर्शदाता | लागत अनुमान | भुक्तानी रकम | कुल लागत |
|---|---|---|---|---|---|---|
| १ | १६७/२०८१/०३/२३ (गा.पा पुँजिगत) | भुमिहिन दलित,सुकुम्बासि र अव्यवस्थित बसोबासको जग्गा सर्भे तथा नाप नक्सा तयार गर्ने आवश्यक नियन्त्रण विन्दुहरुको सर्भे तथा स्मारक निर्माण गर्ने कार्य | रिलेएवल ईन्जिनियरिङ कन्सल्टेन्सी,बर्दिया | १९८००४९.२८ (भ्याट सहित) | १९३१०००.० | – |
| २ | ४५४/२०८०/१२/२८ (गा.पा चालु) | ***Preparation** of detailed engineering survey detail design,cost estimate and detail project(DPR) of cold store Geruwa Rural Municipality ward no 3* | *Asiabridge Engineering & Construction Pvt .Ltd,Kathmandu* | ७२७६३८.७८ | ७२३०००.० | ३०५३५३३५.९३ |
| **जम्मा** | | | | | **२६५४०००.०** | |

१९.२ **वाह्य परामर्शदाताबाट योजना तर्जुमाः** राष्ट्रिय योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७४ दफा ६ मा आयोगको काम, कर्तव्य, अधिकारअन्तर्गत संघ, प्रदेश र स्थानीय तहको विकाससम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने उल्लेख छ । राष्ट्रिय योजना आयोगद्वारा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५(नमूना) समेत जारी गरेको अवस्था छ । सो दिग्दर्शनमा आवधिक योजना तर्जुमाका प्रक्रिया, जिम्मेवारी निर्धारण, संस्थागत संयन्त्र, विषय क्षेत्रगत समिति तथा उपसमितिको भूमिका, क्षेत्रगत रणनीति तथा कार्यक्रमहरू, एकीकृत दस्तावेज तयारी, स्वीकृति र प्रकाशन लगायतका विषय उल्लेख छन् । पालिकाका अध्यक्ष, उपाध्यक्ष, कार्यपालिका सदस्य, गाँउसभा सदस्य, प्रमुख प्रशासकीय अधिकृत, विषय क्षेत्रगत प्रमुखहरूको सहभागिता एवं सक्रियतामा गठित समितिहरू तथा उपसमितिहरूबाट तयार गरिएका विषय क्षेत्रगत दस्तावेजहरू उपर विभिन्न चरणमा तथ्यांक संकलन, दफावार छलफल गरी योजनाको खाका तयारी गर्नुपर्ने तथा विद्यायिकी प्रक्रिया पूरा गरी सम्बन्धित कार्यपालिकाबाट स्वीकृत गराउनुपर्नेमा पालिकाले उल्लिखित प्रकृया पुरा नगरी परामर्शदाताबाट तयार गराएको देखियो ।

१९.३ **पेशागत दायित्व बीमाः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८१(७) मा ऐनको दफा ३८ बमोजिम सम्झौता गर्ने परामर्शदाताले सम्झौता गरेको तीस दिन भित्र सम्झौताको कूल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व बीमा(प्रोफेशनल लायविलिटी इन्सोरेन्स) पेश गर्नुपर्ने व्यवस्था छ साथै नियम ८१(८) मा परामर्शदाताले तीस दिन भित्र पेशागत दायित्व बीमा दाखिला नगरेमा सार्वजनिक निकायले त्यस्तो खरिद सम्झौताको अन्त्य गरी निजलाई कालो सूचीमा राख्न सम्बन्धित निकायमा सिफारिस गर्नुपर्ने समेत व्यवस्था रहेको छ ।पालिकाले सि.नं १ र २ बमोजिमका परामर्श सेवा खरिदमा परामर्शदाताले नियमावली अनुसार पेशागत दायित्व बीमा तोकिएको म्याद भित्र पेश गरेको पाइएन ।कार्यालयले नियमावली बमोजिम गर्न ध्यान दिनुपर्दछ ।

१९.४ **कार्यान्वयको अवस्थाः** परामर्शदाताले Preparation of detailed engineering survey detail design,cost estimate and detail project(DPR) of cold store Geruwa Rural Municipality ward no 3 को विस्तृत अध्ययन प्रतिवेदन(DPR) बाट आयोजनाको कुल लागत रु.३०५३५३३५.९३ हुने कार्यालयलाई प्राप्त भएको पाईयो ।सो विस्तृत अध्ययनबाट प्राप्त परामर्श तथा सुझावहरु पुर्ण रुपमा कार्यान्वयन भएको पाईएन कार्यालयले सो सम्बन्धमा ध्यान दिनुपर्दछ ।

## २० सम्भाव्यता अध्ययन प्रतिवेदन

२०.१ **सम्भाव्यता अध्ययन प्रतिवेदनः** गाउँपालिकाको (भुक्तानी दिन बाँकी विवरण अनुसार) २०७९।८० को बार्षिक कार्यक्रम अनुसार कृषि क्षेत्रको व्यवसायिकरण तथा आधुनिकिकरणका लागि सम्भाव्यता अध्ययन कार्यको लागि कोटेशन मार्फत विभिन्न तीन वटा परामर्शदाता कम्पनिसँग आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरेकोमा सवै भन्दा कम कबोल दाता हेड लाईट प्रालिको रु.४९७७६५।मा २०७९।९।१२ गते सम्झौतामा २०७९।९।१४ गते सम्पादन गरिने क्रियाकलाप संक्षिप्त प्रतिवेदन पेश गर्ने, २०७९।९।१८ गते मस्यौदा प्रतिवेदन पेश गर्ने र २०७९।९।२८ गते अन्तिम प्रतिवेदन पेश गर्ने गरी उल्लेख भएकोमा पेश गरेको आर्थिक प्रस्तावमा टिम लिडर २५ दिन काम गर्ने,अनुसन्धान परामर्शदाता २५ दिन र फिल्ड सुपरभाईजर ७ दिन काम गर्ने भनि दररेट पेश गरेको देखियो । यसरी सम्झौता र आर्थिक प्रस्तावमा फरक परेकोले सम्झौता अनुसार फिल्डमा जम्मा ५ दिन मात्र काम गरेको तथा समग्रमा १७ दिनमा काम सम्पन्न गर्ने उल्लेख गरेकोमा सम्झौता विपरित बढी भुक्तानी भएको देहायअनुसारको रकम सम्बन्धित परामर्शदातासँग असुल गर्नुपर्ने रु.

| **विवरण** | **हुनुपर्ने दिन** | **प्रति दिन रकम** | **काम गरेको दिन** | **बढी दिन** | **रकम** | |
|---|---|---|---|---|---|---|
| टिम लिडर | १७ | ५००० | २५ | ८ | ४०००० | |
| अनुसन्धान परामर्शदाता | १७ | ४५०० | २५ | ८ | ३६००० | |
| फिल्ड सुपरभाईजर | ५ | ३००० | ७ | २ | ६००० | |
| **जम्मा** | | | | | **८२०००** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८२,००० |

२०.२ विज्ञको खर्च - सार्वजिनक खरिद नियमावली, २०६४ को दफा १२(३)(क) मासार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा मुख्य जनशक्ति तथा अन्य जनशक्तिको पारिश्रमिक खुलाउनु पर्ने तथा बर्दिया जिल्लाको जिल्ला दररेट निर्धारण समितिले परामर्श सेवाको लागि विभिन्न जनशक्तिको दैनिक दररेट अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका परामर्श सेवा खरिद गर्दा जिल्ला दररेट भन्दा बढी दर राखेर लागत अनुमान तयार गरी कोटेशन माग गरेकोमा लागत अनुमानको हाराहारीमा पेश गरेको देखियो । जिल्ला दरभन्दा बढी हुनेगरी भुक्तानी गरेको रकम सम्बन्धित परामर्शदाताबाट असुल गर्नुपर्ने रु.

| योजना | परामर्शदाता | जनशक्ति | कार्यदिन | भुक्तानी दर | जिल्ला दर | मू.अ. कर सहितकूल |
|---|---|---|---|---|---|---|
| शिक्षा क्षेत्रको सम्भाव्यता अध्ययन | ग्रामिण युवा सरोकार केन्द्र | Team Leader | १७ | ५००० | ३८०० | २०४०० |
| | | Research consultant | १७ | ४००० | ३८०० | ३४०० |
| कृषि क्षेत्रको व्यवसायिकरण तथा आधुनिकिकरणका लागि सम्भाव्यता अध्ययन | हेड लाईट प्रालि | Team Leader | १७ | ५००० | ३८०० | २०४०० |
| | | Research consultant | १७ | ४००० | ३८०० | ३४०० |
| जम्मा | | | | | | ४७६०० |

| असुल गर्नुपर्ने | ४७,६०० |
|---|---|

२०.३ गाउँपालिकाको २०७९।८० को बार्षिक कार्यक्रम (भुक्तानी दिन बाँकी विवरण)अनुसार शिक्षा क्षेत्रको सम्भाव्यता अध्ययन कार्यको लागि कोटेशन मार्फत विभिन्न तीन वटा परामर्शदाता कम्पनिसँग आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरेकोमा सवै भन्दा कम कबोल दाता ग्रामिण युवा सरोकार केन्द्रको रु.४९५५०५।मा २०७९।९।१२ गते सम्झौतामा २०७९।९।१४ गते सम्पादन गरिने क्रियाकलाप संक्षिप्त प्रतिवेदन पेश गर्ने, २०७९।९।१८ गते मस्यौदा प्रतिवेदन पेश गर्ने र २०७९।९।२८ गते अन्तिम प्रतिवेदन पेश गर्ने गरी उल्लेख भएकोमा पेश गरेको आर्थिक प्रस्तावमा टिम लिडर २५ दिन काम गर्ने,अनुसन्धान परामर्शदाता २० दिन र फिल्ड सुपरभाईजर १५ दिन काम गर्ने भनि दररेट पेश गरेको देखियो । यसरी सम्झौता र आर्थिक प्रस्तावमा फरक परेकोले सम्झौता अनुसार फिल्डमा जम्मा ५ दिन मात्र काम गरेको तथा समग्रमा १७ दिनमा काम सम्पन्न गर्ने उल्लेख गरेकोमा सम्झौता विपरित बढी भुक्तानी भएको देहायअनुसारको रकम सम्बन्धित परामर्शदातासँग असुल गर्नुपर्ने रु.

| **विवरण** | **हुनुपर्ने दिन** | **प्रति दिन रकम** | **काम गरेको दिन** | **बढी दिन** | **रकम** | |
|---|---|---|---|---|---|---|
| टिम लिडर | १७ | ५००० | २५ | ८ | ४०००० | |
| अनुसन्धान परामर्शदाता | १७ | ४५०० | २० | ३ | १३५०० | |
| फिल्ड सुपरभाईजर | ५ | ४००० | १५ | १० | ४०००० | |
| जम्मा | | | | | ९३५००। | |

| असुल गर्नुपर्ने | ९३,५०० |
|---|---|

२१ **प्राविधिक परीक्षणः**

सार्वजनिक खरिद नियमावलीको नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गरी स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गरी प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गरी त्यस्तो प्रतिवेदनलाई सार्वजनिक निकायले खरिद कारबाहीको अभिलेखको रुपमा राख्नु पर्ने उल्लेख छ।कार्यालयले देहाय बमोजिम विभिन्न मालसामान खरिदमा खरिद गरे पश्चात उल्लेखित सामानहरुको प्राविधिक परीक्षण नगरेको हुँदा कार्यालयले प्राविधिक परीक्षण पेश गर्नुपर्दछ ।

| **सि.नं** | **गो.भौ/मिति** | **विवरण** | **भुक्तानी रकम** | **कैफियत** |
|---|---|---|---|---|
| **१** | ६०२/२०८१/०३/०२ (गा पा चालु) | Purcahsing of supplying of medical equipment,machinery(G/GRM/SQG/02/2080-81) | ८९३२००.० | २० थान सर्जिकल सामाग्रि |
| २ | १६/२०८१/०३/२३ (प्रदेश पुँजिगत) | Procurement Delivery Installation and Commissioning of Water Cooler with RO Plant | ९५४०००.० | ३ वटा विद्यालयलाई पानी फिल्टर र कुलर |
| **जम्मा** | | | **१८४७२००.०** | |

२२ **विद्यालय व्यवस्थापनः**

**सार्वजनिक विद्यालय शैक्षिक गुणस्तरः** पालिका अन्तर्गत संचालित माध्यमिक तहसम्मको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य गाउँपालिकाको कार्यक्षेत्र अन्तर्गत पर्दछ ।सोही अनुसार पालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्नेमा सो गरेको छैन ।अतः शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने र सोही अनुसार विद्यालयको अनुगमन

मुल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

**निजि विद्यालय व्यवस्थापनः** यस पालिकामा ७ वटा निजी विद्यालय रहेका छन् ।पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन भने निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छ छैन सो को अनुगमन गरी अनुगमन प्रतिवेदन तयार गरी अभिलेखाङ्कन गरेको पाईएन ।सो सम्बन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

**विद्यालयको अनुगमन नियमन व्यवस्थाः** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण,अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन सम्बन्धि मापदण्ड तय गरेको छैन।जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकाले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२३ **शिक्षक दरबन्दी तथा पदपूर्तिः**

शिक्षा नियमावली,२०५९ को नियम ९२ मा विद्यालयमा रहने शिक्षक दरबन्दी बारे व्यवस्था रहेको छ साथै नियम ७७ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा रहने विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई क्षेत्रमा पचास,पहाड क्षेत्रमा पैतालीस र हिमाली क्षेत्रमा चालीस हुनुपर्ने व्यवस्था रहेको छ ।स्थानीय तह अन्तर्गत विभिन्न तहका २६ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको छ।

| विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या | प्रति शिक्षक बिद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| २६ | १८२ | १८२ | ८६ | ५६७१ | १:३१ |

पालिकामा २६ सामुदायिक विद्यालय रहेकोमा शिक्षक दरबन्दी राहत समेत १८२ रहेकोमा ८६ जना करार समेत १८२ नै पदपुर्ति भएको देखियो भने Student Teacher Ratio(STR) १:३१ रहेको छ ।पालिकाले शिक्षक पदपूर्ति तथा शिक्षक विद्यार्थी अनुपात मिलानतर्फ ध्यान दिनुपर्दछ ।

२४ **विद्यालयगत निकासा रजिष्ट्रर**ः

अधिकार प्राप्त अधिकारीले आम्दानी खर्च ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा सुनुश्चित हुनुपर्दछ । पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुलाई दोहोरो भुक्तानी नहुने गरी पुर्ण रुपमा अभिलेख राख्ने नगरेकोले दोहोरो भुक्तानी हुन सक्ने अवस्थाको नियन्त्रण गर्न भरपर्दो आन्तरिक नियन्त्रण प्रणाली अवलम्बन गरेको पाइएन । तोकिएको ढाँचामा विद्यालयगत निकासा रजिष्ट्रर राख्नु पर्दछ ।

२५ **पाठ्यपुस्तक अनुदानः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१२,११८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **११,३२६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१६,८०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१४,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५,२१७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२६ **नमुना विद्यालय अनुदानः**

शिक्षा तथा मानब स्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर,सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको बुँदा ९.८ मा निर्देशिकाको अनुसूचि १० को खण्ड क,ख र ग मा उल्लेख भएका विद्यालयलाई स्वीकृत गुरुयोजनाका आधारमा निर्माण गरिएको वार्षिक कार्यान्वियन योजना अनुसार उल्लिखित सम्पन्न गर्नुपर्ने भौतिक निर्माणका लागि खण्ड क मा उल्लिखित विद्यालयको भौतिक पूर्वाधार निर्माण कार्यका लागि बजेट विनियोजन नरहेकाले निर्माणाधीन अवस्थामा भए सो सम्पन्न गर्ने र तत्कालीन रुपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरु,छात्रावास व्यवस्थापन,शैक्षिक सुशासनका न्यूनतम सर्त पूरा गर्ने लगायतका कार्यक्रम गर्न भौतिक पूर्वाधार विकासका लागि बिनियोजित बजेटको कार्य प्रगतिसहित आवश्यक बजेटसहितको प्रस्ताव विद्यालयबाट पेस गर्न लगाउने साथै यस आवमा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबिच सम्झौता गरी शैक्षिक सत्र २०८० को शैक्षिक तथ्यांकमा विद्यालयमा १००० सम्म विद्यार्थी भए प्रति विद्यालय ३० लाख,१००१ देखि २५०० सम्म विद्यार्थी भए प्रति विद्यालय ४५ लाख र २५०० भन्दा बढी विद्यार्थी भए प्रति विद्यालय ६० लाख अनुदान उपलब्ध गराउने व्यवस्था छ ।पालिकाले आ.व. २०८०/८१ मा श्री एक प्रिय राठौर मा. वि लाई रु.४४९५२१५.०भुक्तानी गरेकोमा पालिकाद्वारा प्रदान गरिएको अनुदान रकमबाट भए गरेको कामको कार्यप्रगति प्रतिवेदन,लेखापरीक्षण प्रतिवेदन,सामाजिक परीक्षण प्रतिवेदन प्राप्त हुनुपर्दछ ।

२७ **अनुदानको उपयोगः-**

शिक्षा तथा मानब स्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप नं २.७.१३.१० को बुँदा ५.४ मा विद्यालयले आर्थिक लेखापरीक्षण स्थानीय तहको अन्तिम लेखापरीक्षण हुनु अगावै गराउने र सोको प्रतिवेदन स्थानीय तहमा पठाउने व्यवस्था रहेको छ ।आधारभूत तथा माध्यमिक तह संचालित विद्यालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण,विद्यार्थी परिचय पत्र,विद्यालय तथ्याङ्क व्यवस्थापन,बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप संचालनका लागि एकमुष्ठ अनुदान वापत २६ विद्यालयलाई रु. २८५०००.० भुक्तानी भएकोमा अन्तिम लेखापरीक्षणको समयसम्म पनि विद्यालयले आफ्नो लेखापरीक्षण प्रतिवेदन पेश नगरेको हुँदा विद्यालयले प्राप्त गरेको रकम सम्बन्धित कार्यमा खर्च गरे नगरेको तथा खर्चमा मितव्ययिता भएको विश्वस्त हुन सकिएन ।

२८ **दिवा खाजाः**

शिक्षा तथा मानब स्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप नं २.७.११.१ को बुँदा (ग) मा विद्यालयले विद्यालय सञ्चालन हुनासाथ दिवा खाजा व्यवस्थापन गर्नुपर्ने भएकोले आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन सूचना प्रणाली IEMIS मा समावेश भएको प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्मको विद्यार्थी सङ्ख्यालाई आधार मानेर साविकको कर्णाली अञ्चलका मुगु,डोल्पा,हुम्ला,जुम्ला र कालिकोट जिल्लाका स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु.२० का दरले तथा अन्य स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु.१५ का दरले पहिलो त्रैमासिकको बजेट निकासा गर्ने साथै प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्मको विद्यार्थी सङ्ख्याका लागि वार्षिक रुपमा १८० दिनका लागि सोही आधारमा पहिलो त्रैमासिकमा निकासा गर्ने व्यवस्था रहेको छ । पालिकाले यस आ.व. २०८०/८१ मा २६ विद्यालयका प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्मका विद्यार्थीहरुलाई दिवा खाजा वापत रु.७२१९२३०.० भुक्तानी भएकोमा वार्षिक रुपमा १८० दिनका लागि नै दिवा खाजा भुक्तानी भएकोबारे पालिकासंग तथ्यांक नभएको, विद्यालयले बजारबाट खरिद गरिएको जंक फुड नखुवाएको साथै खाद्यन्नका परिमाण खुल्ने र विलभर्पाई संलग्न नभएको साथै विद्यार्थीले विद्यालयबाट दिवा खाजा खाए वापतको रकम बुझेको भर्पाई संलग्न भएको पाईएकोले कार्यालयले तथ्यांक अद्यावधिक गरी विद्यालयले तोकिएको दिनका लागि मात्र दिवा खाजा खुवाएको सुनिश्चित गर्नुपर्दछ ।

२९ **समानिकरण अनुदानबाट शिक्षकलाई पारिश्रमिकः**

अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलध गराउने र उक्त रकम तोकिएको शर्त बमोजम खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाले सशर्त अनुदान अन्तर्गत तलब भत्ता भुक्तानी गर्ने गरी स्वीकृत दरबन्दि भित्र नपरेका गाउँपालिका अनुदान कोटातर्फ २६ विद्यालयका ३६ जना शिक्षकलाई रु.१९५०७८३०.० भुक्तानी गरेको पाईयो।पालिकाले समानिकरण अनुदानबाट नीजि श्रोतका शिक्षकलाई प्रदान गरेको तलब भत्ता अनियमित देखिन्छ ।

३० **डिस्पोजल मेशिन खरिदः**

कार्यक्रम कार्यान्वयन पुस्तिका,२०८०/८१ क्रियाकलाप नं २.७.१३.२३ को बुँदा ४ मा स्थानीय तहले तोकिएको छात्राका लागि नियमानुसार सेनिटरी प्याड खरिद गरी रकम बचत भएमा विद्यालयमा **Disposal Machine** नभएका एक पटकका लागि मात्र खरिद गरी वितरण गर्न सक्ने व्यवस्था छ।पालिकाले भद्र पशुपति प्याड उद्योग,कैलालीलाई कोटेशन आव्हान मार्फत प्रति मेशिन रु.२२०००.(भ्याट बाहेक) को दरले २३ थानको कुल रु.५०६०००.०.० भुक्तानी गरेको पाईयो ।सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन ।

३०.१ **प्राविधिक परीक्षणः** साथै सार्वजनिक खरिद नियमावलीको नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गरी स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गरी प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गरी त्यस्तो प्रतिवेदनलाई सार्वजनिक निकायले खरिद कारबाहीको अभिलेखको रुपमा राख्नु पर्ने उल्लेख छ।कार्यालयले २३ थान डिस्पोजेबल मेशिन खरिद वापत भद्र पशुपति प्याड उद्योग,कैलालीलाई रु.५०६०००.०.० भुक्तानी गरी प्राविधिक परीक्षण बेगर जिन्सी दाखिला गरेको पाईयो ।कार्यालयले खरिद गरेका २३ थान डिस्पोजेबल मेशिन स्वीकृत स्फेसिफिकेशन बमोजिम प्राप्त भए नभएको लगायत निरीक्षण प्रतिवेदन समेत नभएको हुँदा स्फेसिफिकेशन अनुसार प्राप्त भएको भनी यकिन गर्ने विश्वस्त आधार देखिएन ।कार्यालयले यसतर्फ ध्यान दिनुपर्दछ ।

३०.२

**मेशिन जडान नभएकोः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९४(१),(२),(३) र (४) मा सरकारी सम्पत्तिको जिम्मा र संरक्षण संबन्धि व्यवस्था रहेको छ ।पालिकाले खरिद गरेका २३ थान डिस्पोजेबल मेशिनमध्ये २२ थान कार्यालय परिसरमै असुरक्षित र अव्यवस्थित तरिकाले भण्डारण गरेको साथै १ थान पशुपति मा वि मा जडान गरेको पालिकाको भनाई रहेता पनि जडान भएको प्रमाण नभएकाले जडान भए नभएको यकिन हुन सकिएन ।



सार्वजनिक सम्पत्तिको उचित संरक्षण,रेखदेख र सदुपयोग गर्नेतर्फ कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।

प्रमाण पेश नगरेको

३१ **सेनिटरि प्याड खरिदः**

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा सेनिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाभित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २२४२ जना रहेका छन। पालिकाले जय माता दी स्यानेटरी उद्योग प्रा.लि.बाट विद्युतीय खरिद मार्फत २३७६० थान सेनिटरी प्याड(TIPSY 240 mm Regular 8 p) रु.६१७५२२.४०(भ्याट सहित) मा खरिद गरेको पाईयो । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा २३७६० थान सेनिटरी प्याड खरिद भई २१०२५ थान वितरण गरी २७३५ थान सेनिटरी प्याड मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

**सेनिटरी प्याडको गुणस्तरः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ।कार्यालयले आ.व. २०८०/८१ मा जय माता दी स्यानेटरी उद्योग प्रा.लि.बाट २३७६० थान सेनिटरी प्याड रु.६१७५२२.४०(भ्याट सहित)मा खरिद गरेकोमा प्याडको गुणस्तरबारे सेनिटरी प्याड(वितरण तथा व्यवस्थापन)कार्याविधि,२०७६ को अनुसूचि १ बमोजिमको भए नभएको परीक्षण गरेको पाइएन ।

३२ **औषधी खरीदः**

औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका,२०७४ बमोजिम स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली **(Health Management Information System (HMIS)** बाट सङ्कलन भएको रुग्णता **(Morbidity),** सेवाको उपलब्धता, उपचार तालिका, आपूर्ति व्यवस्थापन सूचना प्रणाली **(LMIS)** बाट सङ्कलन भएको खर्च विवरण, एवं स्वीकृत कार्यक्रमबमोजिम औषधिको आवश्यकता साथै तोकिएको प्राविधिक स्पेसिफिकेशनसँग विश्लेषण गरी सार्वजनिक खरिद नियमावलीको नियम ३, ५क र ९ बमोजिमको प्रक्रिया पुर्याई औषधी खरिदको आवश्यकता र लागत अनुमान तयार गरी आपूर्तिकर्ताहरुबीच प्रतिस्पर्धा गराई विश्व स्वास्थ्य सँगठनबाट पूर्वयोग्यता प्राप्त औषधी उत्पादक कम्पनीसंग डव्लु.एच्.ओ. र जि.एम.पि. मान्यता प्राप्त भएको प्रमाण लिई मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिका औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका,२०७४ तथा सार्वजनिक खरीद नियम ३, ५(क) र ९ मा भएको व्यवस्था पुरा गरी खरीद गरेको देखिएन ।

कार्यालयले यस वर्ष रु.१२८४६४०.०बराबरको औषधि खरिद गरेको पाईयो जस अनुसार देखिएका व्यहोराहरु निम्नानुसार छन्

३२.१ **कम म्याद भएको औषधिः** औषधि खरिद गर्दा १८ महिनाभन्दा बढीको म्याद रहेको औषधि खरिद गर्नुपर्ने व्यवस्था रहेको छ ।जस अनुसार पालिकाले देहाय बमोजिमका औषधि खरिदमा १८ महिनाभन्दा कम म्याद रहेको औषधि खरिद भएको देखिन्छ । पालिकाले औषधिजस्तो संवेदनशील वस्तुमा १८ महिनाभन्दा कम म्याद भएको औषधि खरिद गरेको रकम नियमित गर्नुपर्ने रु.

| क्र.सं | औषधिकोनाम | खरिद मिति | Expiry Date/Batch No | परिमाण | प्रति दर | रकम |
|---|---|---|---|---|---|---|
| 1 | Amoxycilline 125 mg Tab | | Nov 2024/LSMT90014 | 6000 | 1.46 | 8760.0 |
| २ | Cloxacillin 250 mg Cap | | Mar2025/123045 | 2000 | 3.03 | 6060.0 |
| ३ | Cotrimoxazole 400 mg +80mgTab | 8 Nov 2023 | Marr2025/123045 | 12000 | 1.35 | 16200.0 |
| ४ | Ferrous $ Folic acid 60 mg + Iron Plus 400 mg acid TAb | | Jan2025/THS1300 | 20000 | 0.36 | 7200.0 |
| ५ | Metronidazole 200 mg | | Mar2025/134203 | 6000 | 0.92 | 5520.0 |
| ६ | Nitrofurantion 100 mg Tab | 17May 2024 | Jan2025/URT1308 | 600 | 4.86 | 2916.0 |
| ७ | Metronidazole SYP | | Sep2025/AML01001 | 300 | 18 | 5400.0 |
| | | | **जम्मा** | | | **52056.0** |

| अनियमित भएको | ५२,०५६ |
|---|---|

३२.२ **प्रदेश र संघीय सरकारबाट प्राप्त हुने औषधी खरीदः** आधारभुत स्वास्थ्य सेवाका औषधी तथा औषधीजन्य सामाग्रीहरुको खरीद वर्गीकरण बमोजिम पालिका तोकीएको बमोजिम प्रदेश र संघीय सरकारबाट प्राप्त हुने बाहेकका औषधी मात्र खरीद गर्नुपर्ने उल्लेख छ। तर पालिकाले उक्त वर्गीकरणमा भएका व्यवस्था विपरीत प्रदेश र संघीय सरकारबाट प्राप्त हुने निम्न औषधी खरीद गरेको देखिन्छ ।तसर्थ पालिकाले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई कानुनमा भएको व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ।

| क्र.सं | औषधीको नाम | ब्याच नं | परिमाण |
|---|---|---|---|
| 1 | Amitriptyline 10 mg Tab | 93074 | 3000 |
| 2 | Amlodipine 5 mg Tab | TP05021 | 6000 |
| 3 | Ampicillin 500 mg Inj | MPJ223876 | 30 |
| 4 | Ampicillin 250 mg Inj | MPA240080 | 30 |
| 5 | Atropine Inj | EVS043 | 30 |
| 6 | Carbamazepine 100 mg Tab | WRT90002 | 2000 |
| 7 | Diazepam 2 ml Amp | 44385 | 30 |
| 8 | Fluoxetine 20 mg Tab | FDC9066 | 600 |
| 9 | Gentamicin Inj 2m vial | GR9032 | 300 |
| 10 | Glimepiride 1 mg Tab | GLT23021 | 6000 |
| 11 | Losartan 25 mg Tab | AST23010 | 1200 |
| 12 | Metformin 500 mg Tab | 46106 | 15000 |
| 13 | Risperidone 1 mg Tab | RPT9036 | 600 |
| 14 | Sodium Valporate 200 mg Tab | 2MT15001 | 1200 |

३२.३ **औषधीको गुणस्तरः**- सार्वजनिक खरिद नियमावलीको नियम १११(१)(ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्दछ ।कार्यालयले यस वर्ष रु.१२८४६४०.० बराबरको औषधि खरिद गरेको पाईयो ।बार्षिक रुपमा खरिद गर्ने औषधी तथा औषधीजन्य सामग्रीको गुणस्तर सुनिश्चितता गर्न आधिकारिक प्रयोगशाला परीक्षण गर्ने/गराउने तथा सो बमोजिम उक्त औषधी तथा सामग्रीहरुको निरीक्षण गराएको पाइएन ।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार गुणस्तर पक्षको सुनिश्चितता गर्न गुणस्तर परीक्षण गर्नुपर्दछ ।

३३ **पशु सेवातर्फः**

पालिकाले यस वर्ष ५० प्रतिशत लागत अनुदानमा विद्युतीय च्यापकटर मेसिन वितरणमा रु.२९२४९९.९३,वर्षिक घाँसको विउ वितरणमा रु.४०६०००.० र दाना पिस्ने मिल वितरणमा रु.३४२०००.० गरी कुल रु.१०४०४९९.९३ खर्च लेखेको पाईयो । उल्लिखित अनुदान कार्यक्रमहरुमा स्थानीय निकायले अनुदान वितरणका लागि कृषक तथा लाभग्राहीको अद्यावधिक तथ्याङ्क, छनौटको मापदण्ड निर्धारण, लाभग्राहीको प्राथमिकिकरण तथा अनुदान वितरणको स्पष्ट अभिलेखाङ्कन पुर्ण रुपमा गरेको पाईएन।वास्तविक तथा प्राथमिकता प्राप्त कृषक,कृषक समुह,कृषि सहकारी तथा लाभग्राहीले अनुदान पाएको, एकै व्यक्ति तथा संस्थालले पटक पटक एकै प्रकारको अनुदान नपाएको र अनुदान वितरणमा पारदर्शिता कायम भएको सुनिश्चित हुन सकिएन ।

३४ **कृषि अनुदानः**

पालिकाले आ.व २०८०/८१ मा देहाय बमोजिम विभिन्न कृषि अनुदानका कार्यक्रमहरु-संघीय शसर्त अनुदानतर्फ र पालिका अनुदानतर्फ गरी कुल रु.३२७८३३०.६ खर्च लेखेको पाईयो । उल्लिखित अनुदान कार्यक्रमहरुमा स्थानीय निकायले अनुदान वितरणका लागि कृषक तथा लाभग्राहीको अद्यावधिक तथ्याङ्क, छनौटको मापदण्ड निर्धारण, लाभग्राहीको प्राथमिकिकरण तथा अनुदान वितरणको स्पष्ट अभिलेखाङ्कन पुर्ण रुपमा गरेको पाईएन।वास्तविक तथा प्राथमिकता प्राप्त कृषक,कृषक समुह,कृषि सहकारी तथा लाभग्राहीले अनुदान पाएको, एकै व्यक्ति तथा संस्थालले पटक पटक एकै प्रकारको अनुदान नपाएको र अनुदान वितरणमा पारदर्शिता कायम भएको सुनिश्चित हुन सकिएन ।

| क्र.सं. | कार्यक्रम | खर्च रकम | लाभान्वित कृषक/समुह | कैफियत |
|---|---|---|---|---|
| १ | बेसारको बिउ(१०० % अनुदान) | २८४२८८.० | ६ वटा कृषक समुह | २२२१ के.जि |
| २ | पावर टिलर(५० % अनुदान) | ८०५२००.० | १ जना कृषक | ४ थान पावर टिलर |
| ३ | चार्जेबल स्प्रे टंकि(५० % अनुदान) | २६७६११.० | ८३ जना कृषक | ६३ थान |
| ४ | कर्न सेलर(५० % अनुदान) | २३०४४२.८ | १४ जना कृषक | १४ थान |
| ५ | ज्याब प्लान्टर(५० % अनुदान) | २८३१८.४ | ८ जना कृषक | ८ थान |
| ६ | बर्षे तरकारी(५० % अनुदान) | २२७२०५.० | ३५ वटा कृषक समुह | ८१ सेट नौ थरीको तरकारी |
| ७ | क्न्ये च्याउको बिउ(१०० % अनुदान) | २८८०००.० | १६३ वटा कृषक समुह | ६००० प्याकेट |
| ८ | विषादि१०० % अनुदान) | २९०६१५.० | १८२ वटा कृषक समुह | - |
| ९ | प्लाष्टिक टलेल(५० % अनुदान) | २०७४००.० | ३४ वटा कृषक समुह | ३४ थान |
| १० | फलफुलको बिरुवा(१०० % अनुदान) | ३०२५००.० | १५० वटा कृषक समुह | ८१००० विभिन्न फलफुलका बिरुवा |
| ११ | हिउँदे तरकारी कम्पोजिट किट(१०० % अनुदान) | ३४६७५०. | १४३ वटा कृषक समुह | ३६५ विभिन्न तरकारीको सेट |
| **जम्मा** | | **३२७८३३०.६** | | |

पालिकाले अनुदानको उपयोगिता र प्रभावकारिताबारे अनुगमन तथा मुल्याङ्कनतर्फ ध्यान दिनुपर्दछ ।

३५ **लघु उद्यम विकास कार्यक्रमः-**

उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा जारी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ को दफा ५८ मा स्थानीय तहले सूचकहरु निर्धारण गरी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन तथा अनुसुचि ३ बमोजिमको मेड मोडल

अनुसार कार्यक्रमको बजेट तथा कार्यक्रम बाँडफाँड गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले आ.व. २०८०/८१ मा उनि बुनाई तालिम,भैसींपालन तालिम र खाजा नास्ता तालिम लगायत ३० जनालाई प्रदान गरी रु.१,८२,३४०.० खर्च गरेको पाईयो यसरी प्रदान गरिएका उद्यमशिलता तालिम पश्चात के कति व्यक्तिहरु लघु उद्यमि भई निजको जिवनस्तरमा प्रत्यक्ष सुधार भए नभएको लगायत लघु उद्यमको विकास र प्रबर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुगे नपुगेको, सो सम्बन्धमा कार्यालयले निर्देशिकाको व्यवस्था अनुसार उपयुक्त सूचकहरु निर्धारण गरी अनुगमन तथा मूल्याङ्कन सम्बन्धि कार्य नगरेकोले यसतर्फ विशेष ध्यान दिनुपर्दछ ।

३६ **शिशु स्याहार केन्द्र**

गाउँपालिकाले शिशु स्याहार केन्द्र सञ्चालनको लागि नमुना प्रावि बञ्जरियामा नमुना शिशु स्याहार केन्द्रको रुपमा ५ बर्ष मुनिका बालबालिकाको स्याहारको लागि बार्षिक २२० दिन केन्द्र खुल्ने गरी २ जना शिशुस्याहार सहजकर्ताको रुपमा शर्मिला चौधरी र अमृता सिंहलाई मासिक रु.१७०००। का दरले बार्षिक रु.४४२०००। भुक्तानी गरेकोमा उक्त कार्यकोलागि प्रति शिशु सहजकर्ता अनुपात, शैक्षिक योग्यता तथा कार्यरत दिनको समेत अभिलेख नराखी भुक्तानी गरेको देखिएकोले सो सँग सम्बन्धित कार्यविधि तयार गरेरमात्र खर्च लेख्ने कार्य गर्नुपर्दछ ।

३७ **कार्यसम्पादन जमानत**- (१३-२०८१-३-२०):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) अनुसार कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्ने व्यवस्था छ । देहायको योजनामा पालिकाबाट म्याद थप भएको अवस्थामा व्यवसायीबाट सोही अनुसार अवधिको कार्यसम्पादन जमानत पेश गरेको पाइएन । नियममा भएको व्यवस्था अनुसार कार्यसम्पादन जमानत पेश हुनु पर्दछ ।

| **योजनाको नाम** | **ठेक्का नं.** | **सम्झौता मिति** | **सम्पन्न गर्नुपर्ने मिति** | **कार्यसम्पादन जमानतको भएको म्याद** | **कार्यसम्पादन जमानतको हुनुपर्ने म्याद** | **जमानत रकम** |
|---|---|---|---|---|---|---|
| वडा नं १ र ४ जोड्ने अधुरो कल्भर्ट निर्माण | W/GRM/NCB/04/2080-081 | २०८०।१२।१५ | २०८१।०३।०५ | २०८०/१२/१३ देखी २०८२/३/३० सम्म | २०८२/४/०५ | ३७१९८२.००(नेपाल बैंक लिमिटेड) |

**म्याद थप :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा २१ दिन निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ ।समयमै सम्पन्न गर्नुपर्ने निर्माण कार्य म्याद गुज्रिसक्दा पनि निर्माण व्यवसायिले लेखापरीक्षण अवधिसम्म कार्यालयमा निवेदन पेश हुन नआएकोले नियमावली बमोजिम सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।

३८ **ठे.नं. ०४।०७८।०७९**

पेश्की जोखिम : खरिद सम्झौताको विशेष शर्तको बुदाँ नं. जीसीसी ५७.३ मा सम्झौता रकमको ३०% ले हुने रकम वरावरको काम भएको पहिलो ठेक्का विलवाट पेश्की फर्छयौट शुरु गर्नुपर्ने र ठेक्का सम्वन्धी प्रत्येक मासिक विलवाट ४०% का दरले पेश्की फर्छयौट गर्नुपर्ने र स्वीकृत ठेक्का अवधिको ८०% अवधिभित्र सम्पूर्ण पेश्की रकम फर्छयौट गरिसक्नुपर्ने व्यवस्था छ । ठे.नं. ०४।०७८।०७९ शान्तिवजार खुटेना कालोपत्रे निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी हमाल विल्डर्स वीच कवोल अंक रु ३५,६७,९६५।७९ को मिति २०७९।०३।१५ मा काम सम्पन्न गर्नेगरी मिति २०७८।०९।०६ मा सम्झौता भएको छ । यस निर्माण कार्यको आ.व. २०७९।०८० र २०८०।०८१ मा कुनै भुक्तानी भएको छैन । मोविलाइजेशन पेश्की रु ४,३५,६३७।०० वाँकी रहेको छ । पेश्की जमानत रु ६,१६,८९६।०० को प्राइम कमर्सियल बैंक लि. वाट जारी भएको १९ अक्टोवर २०२२ सम्म म्याद रहेको छ । अग्रिम बैंक जमानतको म्याद थप भएको छैन । अग्रिम बैंक जमानतको अवधि समाप्त भएको र काम अधुरो रहेकोले भुक्तानी भएको मोविलाइजेशन पेश्की जोखिममा परेको देखिन्छ । खरिद सम्झौताको परिपालना गरी गराई व्याज सहित अविलम्व पेश्की असुल फर्छयौट हुनुपर्ने रु.....

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,३५,६३७ |

## ३९ पेश्की भुक्तानी

मोविलाईजेशन पेश्की भुक्तानी : निर्माण कार्य वापत मोविलाइजेशन पेश्की भुक्तानी गर्दा प्रोभिजनल सम र मूल्य अभिवृद्धि कर वाहेकको सम्झौता रकमको अधिकतम २०% सम्म भुक्तानी दिनुपर्दछ । यस पालिकाले निम्नानुसार निर्माण कार्यको मोविलाइजेशन पेश्की भुक्तानी गर्दा कवोल अङ्कमा मू.अ.कर थप र प्रोभिजनल सम समेतको कुल सम्झौता रकमको २०% भुक्तानी दिएको छ । मोविलाइजेशन पेश्की भुक्तानी गर्दा कवोल अङ्कमा मू.अ.कर र प्रोभिजनल सम वाहेकको रकममा तोकिएको रकम भुक्तानी गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| ठे.नं. | मू.अ.कर समेतको सम्झौता रकम | मू.अ.कर वाहेकको सम्झौता रकम | भुक्तानी हुनुपर्ने मोविलाइजेशन पेश्की | भुक्तानी भएको मोविलाइजेशन पेश्की | वढी पेश्की भुक्तानी |
|---|---|---|---|---|---|
| ०२।०८०।०८१ | २,९२,७५,०९७ | २,५५,९३,००५ | ५१,१८,६०१ | ५८,००,००० | ६,८१,३९९ |
| ०३।०८०।०८१ | ३,११,१०,८५३ | २,७२,४४,११७ | ५४,४८,८२३ | ६२,२२,००० | ७,७३,१७६ |

## ४० निर्माण कार्यको गुणस्तर

**गुणस्तर परीक्षण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था रहेको छ । गो.भौ. १७२।०८१।०३।२३ ठे.नं. ०३।०८०।०८१ सतमोरी देखि बुढिकुलो करीडोर हुदै खोल्टीबजार जाने सडक कालोपत्रे निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी तुलसी-डिजे-रुचली जे.भी. वीच कवोल अंक रु ३,११,१०,८५३।२३ को मिति २०८१।०९।३० मा काम सम्पन्न गर्ने गरी मिति २०८०।१०।२९ मा सम्झौता भएको छ । प्रथम रनिङ्ग विल वापत रु ७६,०४,५९७।०० भुक्तानी भएको छ । आइटम नं. ४ इमवेङ्कमेन्ट वापत ४७७५.४५ घन.मी. वापत रु १४,३२,६३३।५०, आइटम नं. ५ सववेस वापत ११४४.५ घन.मी. वापत रु १३,७३,४००।०० भुक्तानी भएकोमा कम्प्याक्सनको गुणस्तर परिक्षण प्रतिवेदन पेश भएको छैन । त्यस्तै आइटम नं. 24. Plum Concrete mixing of 70% M15 concrete and 30% Boulder mixed concrete का लागि ३४०.४७ घन. मी. वापत रु २२,१३,०५५।०० भुक्तानी भएकोमा गुणस्तर परिक्षण प्रतिवेदन पेश भएको छैन । त्यस्तै ठे.नं. SQ 01/2080/081 वडा नं. १ का विभिन्न बाटाहरुमा माटो पटानी तथा ग्राभेल कार्यको लागि पालिका र निर्माण व्यवसायी गेरुवा निर्माण सेवा वीच कवोल अंक रु ७,५६,७८८।७६ को मिति २०८१।०१।३१ मा काम सम्पन्न गर्नेगरी मिति २०८०।१०।२८ मा सम्झौता भएको छ । प्रथम तथा अन्तिम विल वापत रु ६,७८,४००।०० भुक्तानी भएको छ । Item no. 2. Compacting Embankment with borrow soil material in layers not exceeding 150mm including haulage को ६३०.९१ घ.मी. वापत रु १,५७,७२६।८९ र Item no. 4. Sand bed natural gravel sub-base on prepared surface, mixing at OMC, and compacting to achieve the desired density by mechanical means निर्माण कार्यको ३२८.८६ घ.मी. वापत रु ३,९४,६३६।०० भुक्तानी भएकोमा गुणस्तर परिक्षण प्रतिवेदन पेश भएको छैन । ल्याव टेष्ट वापत वी.ओ.क्यू. मा प्रोभिजनल सममा रु १०,०००।०० राखिएकोमा भुक्तानी भएको छैन । गुणस्तर परिक्षण नगरी भुक्तानी दिएकाले काम गुणस्तरयुक्त भएको छ भनी एकिन भएन । गुणस्तर परिक्षण गरी गुणस्तर आस्वस्त पश्चातमा भुक्तानी गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

## ४१ योजना छनोट र भुक्तानी

**योजना छनोट :** गो.भौ. ९०।०८१।०२।०९ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा पालिकाको काम, कर्तव्य र अधिकारमा स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन गर्ने व्यवस्था रहेको छ ।पालिकाले योजना तयार गर्दा काममा दोहोरो नपर्ने सुनिश्चित भएर तयार गर्नुपर्दछ । हेमन्त साना किसान सहकारी भवन निर्माण कार्यको लागि पालिका र हेमन्त साना किसान सहकारी भवन निर्माण उपभोक्ता समिति वीच रु ७,५९,४५७।२२ को लागत अनुमानमा मिति २०८१।०२।१५ मा काम सम्पन्न गर्ने गरी मिति २०८०।१०।१९ मा सम्झौता भएको छ । यस निर्माण कार्यको प्रथम तथा अन्तिम विल वापत उपभोक्ता समितिलाई रु ४,९२,०००।०० भुक्तानी भएको छ । हेमन्त साना किसान सहकारी भवन निर्माण उपभोक्ता समितिको निर्माणधिन भवनको लागि यस पालिकावाट रकम निकासा भई केही अंश काम भएको आधारमा नापजाच गरी भुक्तानी भएको छ । उक्त भवनमा

अन्य निकायवाट निकासा भए नभएको सुनिश्चितता गरेर मात्र निकासा दिनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । काममा दोहोरोपन नहुने सुनिश्चित गरेर मात्र योजना छनोट गरिनुपर्दछ ।

४२ **ठे.नं. ०३।०७९।०८०**

४२.१ ठे.नं. ०३।०७९।०८० Pathariya Patwaripur Kateshpur Sadak Kalopatre कार्यको लागि कार्यपालिका र निर्माण व्यवसायी लक्ष्मीपुजा निर्माण तथा मटेरियल सप्लायर्स प्रा.लि. ( मू.अ.कर नं.६०६५९१३३९) वीच कवोल अंक रु २,१५,२०,८७६।३१ (मू.अ.कर समेत) को मिति २०८१।०१।३० मा काम सम्पन्न गर्नेगरी मिति २०७९।१०।२५ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेका छन :

क . म्याद थप : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा निर्माण कार्यको अवधि थप सम्वन्धि व्यवस्था रहेको छ । नियम ६(३) मा निर्माणस्थलको व्यवस्था नभई, निर्माणस्थलवाट हटाउनुपर्ने संरचना हटाउने सुनिश्चित नभई वोलपत्र आव्हान गर्न हुदैन भन्ने व्यवस्था छ । गेरुवा गाउँ कार्यपालिकाको मिति २०८१।०३।१७ गतेको २५ औ बैठकवाट यो निर्माण कार्य समेत ११ वटा निर्माण कार्यको मिति २०८१।०६।१५ सम्म एकमुष्ट म्याद थप भएको छ । निर्माण व्यवसायीले दिएको निवेदनमा स्थानियले विवाद निकालेको, विद्युत कार्यालयले विद्युत लाईन समयमा नगरेको कारणले काममा अवरोध भएको व्यहोरा उल्लेख छ । उक्त कारणले कुन कुन दिन र कति दिन कार्य अवरोध भएको थियो निर्माण व्यवसायीले अभिलेख पेश गरेको छैन भने पालिकाको तर्फवाट पनि अभिलेख देखिनेगरी डेलि डायरी राखेको छैन । स्ववीवेकीय तवरवाट एकमुष्ट निर्माण कार्यको म्याद थप गर्नेकार्य माथि नियन्त्रण गरी वस्तुगत आधारमा काममा अवरोध भएको अवधि गणना गरी म्याद थप गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

ख . पेश्की फर्छ्यौट : खरिद सम्झौताको विशेष शर्तको बुदाँ नं. जीसीसी ५७.३ मा ठेक्का सम्वन्धी प्रत्येक मासिक विलवाट ४०% का दरले पेश्की फर्छ्यौट गर्नुपर्ने व्यवस्था रहेकोमा निम्नानुसार खरिद सम्झौता अनुसार भुक्तानी विलवाट पेश्की फर्छ्यौट गरेको देखिएन । यसले गर्दा निर्माण व्यवसायीलाई लाभ पुग्ने देखिन्छ । खरिद सम्झौताको परिपालना गरी पेश्की फर्छ्यौट हुनुपर्दछ ।

| गो.भौ. | विल संख्या | विल रकम | फर्छ्यौट हुनुपर्ने | फर्छ्यौट भएको |
|---|---|---|---|---|
| ५६।०८०।१२।०८ | ३ | ३८,७०,४४४ | १५४८१७७ | १५,१५,८०८ |
| ११७।०८१।०३।०४ | ४ | ४२,३३,७९६ | १६९३५१८ | ० |
| १९४।०८१।०३।२४ | ५ | ५३,४२,६०० | २१३७०४० | ११,३६,८५५ |

४२.२ **ग. वढी भुक्तानी :** सार्वजनिक खरिद निमावली, २०६४ को नियम १२३(१.ख) मा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ ।वी.ओ.क्यु. आईटम नं. 8. Providing and Applying Tack coat with hot bitumen मा प्रति वर्ग मी. ०.६ ली. विटुमिन प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेकोमा नापजाच गरी भुक्तानी गर्दा प्रति वर्ग मी. १ ली. का दरले भुक्तानी दिएको छ । नापी किताव अनुसार ५७४६.९८ वर्ग मी. परिमाण नापी भएको र सो अनुसार ३४४८.१९ ली. भुक्तानी दिनुपर्नेमा ५७४६.९८ भुक्तानी भएकोले वढी भुक्तानी भएको परिमाण २२९८.७९ ली. को प्रति ली. रु १२५ का दरले हुने रकम रु २,८७,३४९।०० मा मू.अ.कर थप समेत रु ३,२४,७०४।०० सम्बन्धित निर्माण व्यवसायीवाट असुल हुनुपर्दछ रु..........

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२४,७०४ |

४३ **निर्माण कार्यको हर्जना**

**पूर्वनिर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को १२० मा खरिद सम्झौताको अविधि थप सम्वन्धि व्यवस्था रहेको छ । नियम १२०.क मा अवधि थप सम्वन्धि विशेष व्यवस्था र नियम १२१ मा पूर्वनिर्धारित क्षतिपूर्ति सम्वन्धि व्यवस्था रहेको छ । नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिम काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा

निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नवढने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको ०.५% पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । त्यस्तै नियम १२०.क मा प्रचलित कानून वमोजिम म्याद थप भई चालु रहेका वा म्याद सकिएका वा म्याद थप हुन नसकेका तर खरिद सम्झौता बमोजिमको काम चालु रहेका खरिद सम्झौतामा डिजाइन परिमार्जन भएको, बजेट अपुग भएको, निर्माणस्थलको उपलब्धता हुन नसकेको, समयमा भुक्तानी हुन नसकेको, निर्माण सामग्रिको अभाव भएको वा निर्माणस्थलमा प्राकृतिक विपद् परेको लगायतको कारणवाट सम्झौताबमोजिमको अवधिभित्र सम्पन्न हुननसकेका वा काम सम्पन्न हुनसक्ने अवस्था नदेखिएका खरिद सम्झौताका हकमा त्यस्ता आयोजनाका निर्माण व्यवसायीले पेस गरेको कार्यतालिका वमोजिमको कुन कुन काम के कस्तो कारणले हुन नसकेको हो सोको पुष्टयाई र कार्य सम्पन्न गर्न लाग्ने अवधि खुलाई यो नियम जारी भएको मितिले तीस दिन भित्र निवेदन दिएमा उक्त कार्य सम्पन्न गर्न लाग्ने वास्तविक थप अवधि यकिन गरी वोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप गर्न सक्ने व्यवस्था रहेको छ । निर्माण व्यवसायीको कारणवाट ढिलाई भई हर्जना लगाउने गरी कार्यपालिकावाट निर्णय भएकोमा कतिपय निर्माण कार्यको भुक्तानी दिँदा जरिवाना कट्टी गरेको छैन । डिजाइन परिमार्जन भएको, बजेट अपुग भएको, निर्माणस्थलको उपलब्धता हुन नसकेको, समयमा भुक्तानी हुन नसकेको, निर्माण सामग्रिको अभाव भएको वा निर्माणस्थलमा प्राकृतिक विपद् परेको अवस्था नभएको अवस्थामा समेत स्वविवेकीय ढंगवाट म्याद थप गरी हर्जना नलिने कार्य उचित देखिएन ।

यस पालिका अन्तर्गतका निम्नानुसार अधुरा ठेक्काहरुको म्याद समाप्त भएकोमा गाउँ कार्यपालिकाको मिति २०८०।०५।२७ गतेको आ.व. २०८०।८१ को तेश्रो वैठकको निर्णय अनुसार पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने निर्णय भएको छ । अत : सम्वन्धित निर्माण व्यवसायीवाट पूर्वनिर्धारित क्षतिपूर्ति असुल हुनुपर्दछ रु......

| ठे.नं. | निर्माण व्यवसायी | कवोल अंक (मू. अ.कर वाहेक) | सम्झौता मिति | कार्यसम्पन्न गर्नुपर्ने अवधि | हर्जना लाग्ने दिन | प्रतिदिन सम्झौता रकमको ०.५% ले हुने हर्जना रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ४।०७८।०७९ | हमाल विल्डर्स | ३०,८४,४८३ | २०७८।०९।०६ | २०७९।०३।१५ | २०० | ३,०८,४४७ | चालु आ.व.मा भुक्तानी नभएको |
| SQ 9-2078/79 | तुलसी ईन्जिनियरिङ्ग एण्ड कन्सट्रक्सन प्रा.लि. | ६,७०,६४३ | २०७८।११।२५ | २०७९।०३।१५ | २०० | ६७,०६४ | चालु आ.व.मा भुक्तानी नभएको |
| १३।२०७७।०७८ | तुल्सी निर्माण सेवा | १,०३,२४,३५९ | २०७८।०२।०६ | २०७८।०६।०१ | २०० | १०,३२,४३५ | मिति ०८१। ०३।२४ मा तेश्रो रनिङ्ग विल भुक्तानी |
| | | | | | जम्ममा | १४,०७,९४६ | |

| असुल गर्नुपर्ने | १४,०७,९४६ |
|---|---|

४४ **ठे.नं. SQ 9-2078/79**

कार्यसम्पादन जमानत : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना वढी अवधिको हुनुपर्ने व्यवस्था छ । ठे.नं. SQ 9-2078/79 Construction of Box Culvert at Khallagaun Chihanghat निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी तुलसी ईन्जिनियरिङ्ग एण्ड कन्सट्रक्सन प्रा.लि. वीच कवोल अंक रु ६,७०,६४३।०३ को मिति२०७९।०३।१५ मा काम सम्पन्न गर्नेगरी मिति २०७८।११।२५ मा सम्झौता भएको छ । ग्लोवल आईएमई बैंकवाट जारी रु १,२०,४९४।०० को १५ अगष्ट २०२२ म्याद भएको

कार्यसम्पादन जमानत पेश भएको छ । हालसम्म काम शुरु भएको छैन । कार्यसम्पादन जमानत जफत गर्नुपर्नेमा सो गरेको छैन भने जमानतको म्याद समेत समाप्त भई सकेको छ । कार्यसम्पादन जमानतको म्याद थप गरेको प्रमाण पेश गरी सम्वन्धित निर्माण व्यवसायीवाट सम्झौता वमोजिमको काम सम्पन्न गर्नुपर्ने रु .....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२०,४९४ |

४५ **ठे.नं. ०४।०७७।०७८ १० शैया अस्पताल निर्माण**

४५.१ ठे.नं. ०४।०७७।०७८ १० शैया अस्पताल निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी गौरा- नेपाल मेगा- विरेन्द्र अमर जे.भी. वीच कवोल अंक रु ५,२४,७०,९४३।११ को मिति २०७९।०३।१५ मा काम सम्पन्न गर्नेगरी मिति २०७८।०२।१० मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

**क . कार्यसम्पादन जमानत :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना वढी अवधिको हुनुपर्ने व्यवस्था छ । यस निर्माण कार्यको लागि रु १,२०,४७,९९२।०० को ऐभरेष्ट बैंक लि. वाट जारी भएको ३१ जुलाई २०२३ सम्म म्याद रहेको कार्यसम्पादन जमानत पेश भई कार्यसम्पादन जमानतको म्याद समाप्त भएकोमा जमानतको म्याद थप भएको छैन । हालसम्म उक्त कार्य अधुरो रहेको छ । कार्यसम्पादन जमानतको अवधि थप गरी प्रमाण पेश हुनुपर्दछ रु.......

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२०,४७,९९२ |

४५.२ **ख . म्याद थप :** सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२० मा खरिद सम्झौताको अवधि थप सम्वन्धि व्यवस्था रहेको छ । निर्माण व्यवसायी गौरा- नेपाल मेगा- विरेन्द्र अमर जे.भी. ले मिति २०७९।०२।२२ मा म्याद थपका लागि दिएको निवेदन अनुसार गाउँ कार्यपालिकाको मिति २०८०।०६।०७ को निर्णयवाट मिति २०८२।०३।१० सम्म एकमुष्ट म्याद थप भएको छ । आर्थिक वर्ष २०७९।८० मा रु ५६,४३,५६५।०० भुक्तानी भएकोमा चालु वर्ष कुनै भुक्तानी भएको छैन । कार्यसम्पादन जमानत, पेश्की जमानतको म्याद समाप्त भएकोमा उक्त जमानतहरुको म्याद थप भएको छैन । कार्यपालिकाले सार्वजनिक खरिद कानून वमोजिम आवश्यक कागजात पेश नगरी, काम सम्पन्न हुने अवधि सुनिश्चितता नगरी कामको एकमुष्ट म्याद थप गर्ने कार्य नियमसम्मत भएन । खरिद सम्झौताको परिपालना गरी समयमा काम सम्पन्न गर्नेतर्फ पालिका सचेत हुनुपर्दछ ।

४६ **ठे.नं. १४।२०७७।०७८**

**निर्माण स्थल :** ठे.नं. १४।२०७७।०७८ Construction of Sahid Smriti Park at Okhariya निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी स्काई /के. डि.एन/राजन जे.भि. कैलाली वीच कवोल अंक रु ३,५४,०५,५९९।२७ को मिति २०७८।०८।१९ मा सम्झौता भएको छ । उक्त निर्माण कार्यको अवधि २०८१।०३।१५ सम्म रहेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलवाट हटाउनुपर्ने रुख बिरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई, वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई वोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ । प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन वेगर राष्ट्रिय निकुञ्ज क्षेत्रको मध्यवर्ती क्षेत्र भित्र निर्माण कार्यको लागि ठेक्का आव्हान गरी खरिद सम्झौता गरेकोमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत नरहेको कारण कार्य प्रारम्भ भएको छैन । मिति २०८०।०८।२८ मा पालिकावाट प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन वर्दिया राष्ट्रिय निकुञ्जमा पेश गरेको पत्र पेश भएको छ । उक्त प्रतिवेदन स्वीकृतिका लागि गाउँ कार्यपालिकावाट मिति २०८०।०६।२३ मा निर्णय गरिएकोमा हालसम्म पनि प्रतिवेदन स्वीकृत भएको देखिएन ।

४७ **उपभोक्ता समितिः**

४७.१ **उपभोक्ता समिति छनौटः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा लाभग्राही समुदायबाट गराउन सक्ने र कामको लागि र सेवाको प्रकृति, परिमाण, लाग्ने आर्थिक स्रोत लाभग्राही समुदायको

व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ। तर पालिकाले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौता बाहेक पूर्वका सो प्रकृया पालना गरेको देखिएन।यसबाट विकास निर्माण कार्यमा उपभोक्ता छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन। निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा लाभग्राही समुह छनौट गर्दा नियमको पालना गरी पारदर्शी र अधिक सहभागितात्मक तवरले गरिनु पर्दछ।

४७.२ **उपभोक्ता समिति दर्ताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ। पालिकाले यो वर्ष विभिन्न ६१ उपभोक्ता समितिसँग सम्झौता गरी रु.६३८१५५४.० खर्च गरेकोमा पाईयो । उपभोक्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ।

४७.३ **उपभोक्ता समितिको अभिलेखः** उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ मा कार्यालयले आयोजना संचालन एवंम कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्ने उल्लेख छ। पालिकाले आयोजना संचालन एवंम कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख राखेको छैन। जसकारण एउटै व्यक्ति, एकै परिवारका व्यक्ति एकभन्दा बढि आयोजनामा संलग्न भएको तथा कुन कुन उपभोक्ता समितिले तोकिएको समयमा कार्यसम्पन्न गरेको र कुन कुन उपभोक्ता समितिले समयमा कार्यसम्पन्न नगरेको यकिन हुन सक्ने देखिएन।

४७.४ **उपभोक्ता समितिबाट भएको कामको गुणस्तरः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समिति मार्फत कार्य गर्दा उपभोक्ता समिति वा समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ तर यस कार्यालयमा प्राविधिकले योजनाको Labor and Material Breakdown नगरेको, उपभोक्ता समितिमार्फत गरिएका कामको बिल भरपाई पेश गरेतापनि कागजात परीक्षण गर्दा प्राविधिक बिलमा भएको परिमाण र उपभोक्ता समितिले खरिद गरेको निर्माण सामग्रीको परिमाण फरक रहेको पाइएकोले निर्धारित नर्म्स अनुसार नै निर्माणकार्य भएको छ भन्ने आश्वास्त हुने अवस्था छैन। आवश्यक परिमाण भन्दा अधिक खरिद तथा न्यून खरिदको अवस्थामा उपभोक्ता समिति मार्फत गरिएको कामको गुणस्तरीय छ भन्ने अवस्था देखिँदैन ।

४७.५ **हेभी इक्विपमेण्टको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९)मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन।नियमावलीको व्यवस्था अनुरुप कार्य हुनुपर्दछ।

४७.६ **मर्मत सम्भार कोषः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक् ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ। तर सम्पन्न आयोजना मर्मत

सम्भारका लागि कुनै उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन। अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ।

४७.७ **उपभोक्ता समितिबाट निर्माण गरीएका निर्माण कार्यको एजविल्ट नक्साः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। यस वर्ष उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन तथा सम्झौताको शर्तमा समेत नक्सा पेश गर्ने उल्लेख गरेको देखिएन। सम्पन्न योजनाको एजविल्ट नक्सा तयार नगरेकोले नियममा भएको व्यवस्था अनुसार कार्य हुनुपर्दछ।

४७.८ **योजना हस्तान्तरणः** सार्वजनिक खरिद नियमावलीको नियम (१२) उपनियम (११) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समिति मार्फत हालसम्म गरिएको कुनै आयोजनाको स्वामित्व सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन। जुन चाहि दिगो विकास तथा जनसहभागिताको मर्म विपरीत हुनुको साथै निर्मित आयोजनाको रेखदेख तथा मर्मतमा अन्यौलता सिर्जना गरेको देखिन्छ। तसर्थ, कार्यालयले सम्झौताको समयमा नै उक्त कानुनी व्यवस्थाको बारे उपभोक्तासंग अन्तरक्रिया गरी वास्तविक लाभग्राहीलाई मात्र आयोजना संचालन गर्न दिनुपर्दछ। जसबाट उपभोक्ताबाट हुने कार्यमा निर्माण व्यवसायीको संलग्नता कम हुन जान्छ।

४८ **पेश्की व्यवस्थापन**

४८.१ **पेश्की जोखिम :** खरिद सम्झौताको विशेष शर्तको बुदाँ नं. जीसीसी ५७.३ मा सम्झौता रकमको ३०% ले हुने रकम वरावरको काम भएको पहिलो ठेक्का विलवाट पेश्की फर्छयौट शुरु गर्नुपर्ने र ठेक्का सम्वन्धी प्रत्येक मासिक विलवाट ४०% का दरले पेश्की फर्छयौट गर्नुपर्ने र स्वीकृत ठेक्का अवधिको ८०% अवधिभत्र सम्पूर्ण पेश्की रकम फर्छयौट गरिसक्नुपर्ने व्यवस्था छ । ठे.नं. ०४।०७७।०७८ १० शैया अस्पताल निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी गौरा- नेपाल मेगा- विरेन्द्र अमर जे.भी. वीच कवोल अंक रु ५,२४,७०,९४३।११ को मिति २०७९।०३।१५ मा काम सम्पन्न गर्नेगरी मिति २०७८।०२।१० मा सम्झौता भएको छ । खरिद सम्झौताको अवधि मिति २०८२।०३।१० सम्म थप भएको छ । यस निर्माण कार्यकोलागि रु ७७,५०,०००।०० मोविलाईजेशन पेश्की भुक्तानी भएकोमा अग्रिम बैंक जमानतको म्याद २२ जुन २०२२ सम्म मात्र रहेको देखिन्छ । अग्रिम बैंक जमानतको म्याद थप भएको छैन । अग्रिम बैंक जमानतको अवधि समाप्त भएको र काम अधुरो रहेकोले भुक्तानी भएको मोविलाइजेशन पेश्की जोखिममा परेको देखिन्छ । खरिद सम्झौताको परिपालना गरी गराई व्याज सहित अविलम्म पेश्की असुल फर्छयौट हुनुपर्ने रु.......

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७७,५०,००० |

४८.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्नअनुसार कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.१९४८२०००। बाँकी रहेको देखिन्छ । पालिकाले मोविलाइजेशन पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्दछ ।

| क्र.सं. | पेश्कीको विवरण | पेश्की लिने नाम ठेगाना | म्याद ननाघेको |
|---|---|---|---|
| 1 | खोनपुर समुह घरदेखि मैनापोखर सडक कालोपत्रे निर्माण (संघिय समपुरक तर्फबाट) | तुलसी।डि.जे।जे.भि राजापुर-५ बर्दिया | २९,९०,०००.०० |
| 2 | खोनपुर समुह घरदेखि मैनापोखर सडक कालोपत्रे निर्माण (संघिय समपुरक म्याचिङमा गा पा बाट थप) | तुलसी।डि.जे।जे.भि राजापुर-५ बर्दिया | २८,१०,०००.०० |
| 3 | सतमोरी देखि बुढिकुलो करिडोर हुदै खोल्टीबजार जोड्ने सडक कालोपत्रे (प्रदेश समपुरक तर्फ) | तुलसी।डि.जे। राउचुली जे.भि राजपुर बर्दिया | २४,१८,६५७.०० |
| 4 | सतमोरी देखि बुढिकुलो करिडोर हुदै खोल्टीबजार जोड्ने सडक कालोपत्रे (प्रदेश समपुरक म्याचिङमा गा पा बाट थप) | तुलसी।डि.जे। राउचुली जे.भि राजपुर बर्दिया | ३८,०३,३४३.०० |
| 5 | केन्द्रबाट छनौट भएका नमुना विद्यालय तथा विशेष विद्यालयको भवन निर्माण तथा पुर्वाधार व्यवस्थापन अनुदान | निराजन - एन.एम- सुभाश जे.भि. | २,००,०००.०० |
| 6 | केन्द्रबाट छनौट भएका नमुना विद्यालय तथा विशेष विद्यालयको भवन निर्माण तथा पुर्वाधार व्यवस्थापन अनुदान | निराजन - एन.एम- सुभाश जे.भि. | ४९,००,०००.०० |
| 7 | गेरूवा गाउँपालिकाको खाध सुरक्षा र पोषणका लागि कृषि क्षेत्रको प्रविधिकरण परियोजना सम्बन्धि प्राविधिक प्रस्ताव | अग्रीम उन्नती निर्माण सेवा तोषि अछाम | १,१८०,०००.०० |
| 8 | गेरूवा गाउँपालिकाको खाध सुरक्षा र पोषणका लागि कृषि क्षेत्रको प्रविधिकरण परियोजना सम्बन्धि प्राविधिक प्रस्ताव | अग्रीम उन्नती निर्माण सेवा तोषि अछाम | १,१८०,०००.०० |

४९ **राजस्व अभिलेख**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यलयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला भए दाखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने सो भन्दा बढी ढिला गरेको भए दश प्रतिशतले जरिवाना गरी दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । पालिका भित्रका६ वडाहरुमध्ये नमुना छनौट गरी निम्नानुसारका वडाहरुको राजस्व असुली परीक्षण गर्दा तोकेको समय भन्दा ढिलो गरी बैंक दाखिला गरेको पाइयो । वडा कार्यालयहरुले संकलन गरेको आन्तरिक राजश्व रकम महिना समाप्त भए पछिमात्र ढिला गरी दाखिला गरेकोले पालिकाले सोको यकिन गरी नियमानुसार जरिवाना समेत असुल गर्नुपर्ने देखिन्छ ।

| वडा नं. | संकलन गरेको मिति | बैंक जम्मा गरेको मिति | संकलित रकम |
|---|---|---|---|
| ४ | २०८०।४।१ देखि २०८०।४।२६ | २०८०।४।२६ | १८२७५२.५४ |
| ५ | २०८०।४।१ देखि २०८०।४।२९ | २०८०।५।३ | १७४४२२.६२ |
| | २०८०।४।३० देखि २०८०।५।८ | २०८०।७।१६ | १७४३२४ |
| | २०८०।५।८ देखि २०८०।७।१२ | २०८०।७।२३ | १०६२४८ |
| ३ | २०८०।४।१ देखि २०८०।५।१५ | २०८०।५।२९ | १०३३५० |
| | २०८०।५।१६ देखि २०८०।६।१२ | २०८०।६।१५ | ७१२४० |
| | २०८०।६।१३ देखि २०८०।७।२४ | २०८०।८।१२ | १०६९६९ |
| | २०८०।६।१३ देखि २०८०।७।२४ | २०८०।८।१२ | १०६९६९ |
| १ | २०८०।७।१६ देखि २०८०।८।२५ | २०८०।८।२८ | ११३७२८ |
| | २०८०।१२।२८ देखि २०८१।२।७ | २०८१।२।८ | १११६५५ |
| २ | २०८०।४।१ देखि २०८०।६।७ | २०८०।७।२४ | २१६३९५ |

### ५० **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाक ६ वडामा २९ योजना सञ्चालन गरी यस वर्ष ७९ जनालाई औसत १०० दिनले ७९०० दिन रोजगारी उपलव्ध गराई रु.५२७७२००। श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

### ५१ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५,सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि२०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यस वर्ष नेपाल सरकारबाट रु. १२८८५४७९६। निकासा भएकोमा पुरै रकम खर्च देखाई आर्थिक विवरण पेश गरेको छ । पालिकाले सामाजिक सुरक्षा भत्ता प्रथम त्रैमासिक बाहेक तीन त्रैमासिकमा ई एफ टि मार्फत वितरण गर्ने गरेको पाइयो ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : गेरुवा गाउँपालिका, बर्दिया , गेरुवा गाउँपालिका , बर्दिया

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | बस बहादुर राना | २०७९-५-२६ | २०८०-८-१९ |
| कार्यालय प्रमुख | नर बहादुर चन्द | २०८०-८-२७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सुदिप सिग्देल | २०७८-१२-२३ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १०,२०१,६१२ | ३००,०५६ | १२,१८९,२६० | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २२,६९०,९२८ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ६०,२२५ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २२,६३०,७०३ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | १२४०८१४६१.९ | |
| --- | --- | --- | --- |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३२२४३९५२६ | चालु खर्च | ३१५१८१००२.४ |
| प्रदेश सरकारबाट अनुदान | २२६६०३४० | पूँजीगत खर्च | १६२४२७७८९ |
| राजश्व बाँडफाँट | ९४१७३०७२.५१ | वित्तीय/अन्य व्यवस्था | १३८७७१७४८ |
| आन्तरिक आय | ११३९६४८३ | | |
| अन्य आय | १४०६२४०२४.९८ | | |
| कुल आय | ५९१२९३४४६.४९ | कुल खर्च | ६१६३८०५३९.४ |
| बाँकी मौज्दात | | ९८९९४३६८.९९ | |

## अनुसूची - २

| सि.नं | लेखापरीण | लेखापरीण गरएका िवषय |
| --- | --- | --- |
| 1 | शिक्षा तर्फ | शिक्षा तर्फ |
| 2 | स्वास्थ्यतर्फ | स्वास्थ्यतर्फ |
| 3 | कृषि, पशु, वागवानी सम्बन्धी कार्यक्रम तथा अनुदान व्यवस्थापन | कृषि, पशु, वागवानी सम्बन्धी कार्यक्रम तथा अनुदान व्यवस्थापन |
| 4 | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) |
| 5 | राजस्व तथा आन्तरिक आय | राजस्व तथा आन्तरिक आय |
| 6 | खर्चको नियमितता तथा मितव्ययिता | खर्चको नियमितता तथा मितव्ययिता |
| 7 | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) |
| 8 | सामाजिक सुरक्षा भत्ता वितरण | सामाजिक सुरक्षा भत्ता वितरण |
| 9 | खरिद व्यवस्थापन | खरिद व्यवस्थापन |
| 10 | पेश्की व्यवस्थापन | पेश्की व्यवस्थापन |
| 11 | अन्य विषयहरू | अन्य विषयहरू |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ । कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ । निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ । यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ । म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ । निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ । स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ । नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ । अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ । एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ । समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।